मष्टा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १  संख्याः ३  मितिः २०७९/०९/२८

## भाग- २

## मष्टा गाउँपालिका

### एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

मष्टा गाउँपालिका अन्तर्गत रहेका एकल पुरुष नागरिकको सामाजिक सुरक्षा  र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले मष्टा गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम मष्टा गाउँपालिकाले यो कार्यविधि जारी गरेको हो ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

१) यस कार्यविधिको नाम एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९ रहेको छ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२.परिभाषा**

१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) एकल पुरुष भन्नाले आप्नो पत्नीको मृत्यु पश्चात अर्को विविह नगरेको र तर ४० बर्ष पुरा भई ६८ बर्ष नपुगेको  दलित समुदायको हकमा ६० बर्ष पुरा नभएको अविवाहित पुरुषलाई सम्झनु पर्नेछ ।

ख) गाउँपालिका भन्नाले मष्टा गाउँपालिकालाई सम्झनु पर्नेछ ।

ग) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

घ) वडा कार्यालय भन्नाले गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ ।

ङ) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

च) भत्ता भन्नाले दफा ५ बमोजिमको रकम सम्झनु पर्नेछ ।

२) एकल पुरुष भत्ता पाउने  देहायका बमोजिमका नागरिकले मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछ ।

क) नेपाली नागरिक

ख) मष्टा गाउँपालिका भित्र स्थायी बसोबास गर्ने ।

ग) पत्नीको मृत्यु भई अर्को विवाह नगरेको

घ) अविवाहित दलित समुदायको लागि ४० बर्ष पुरा भई ६० बर्ष नपुगेको

ङ) अविवाहित अन्य समुदायको हकमा ४० बर्ष पुरा भई ६८ बर्ष नपुगेको

२) एकल पुरुष भत्ता पाउने (३) बमोजिम योग्यता पुगेका भएता पनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने छैन :

क. कुनै सरकारी वा सार्वजनिक पलमा नियुक्त, निर्वाचित, मनोनित भएका नागरिक,

ख. सरकारी कोषबाट निवृत्तभरण पाईरहेका नागरिक,

ग. प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक ।

५. भत्ता रकम र वितरण : (१) एकल पुरुषले मासिक रु १,०००। (अक्षेरुपी एक हजार रुपैयाँ मात्र) का दरले पाउने छ ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारील अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गरिने छ ।

६. निवेदन दिनु पर्ने : (१) उपदफा (३) बमोजिमको भत्ता पाउन योग्य नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमामणित गरि संलग्न गर्नुपर्नेछ।

क. नेपाली नागरिता प्रमाणपत्र प्रतिलिपी,

ख. पत्नीको मृत्युदर्ता प्रमाण-पत्रको प्रतिलिपी,

ग. अविवाहीतको हकमा वडाको सिफारिस,

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यक कारबाही गरि निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारवाही गर्दा एकल पुरुष भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनुपर्नेछ ।

(३) उपदफा (३) बमोजिम कारवाही गर्दा एकल पुरुष भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ ।

**७. परिचयपत्र** : (१) यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसूचि -२ बमोजिम परिचय पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष भत्ता पाउने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचयपत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमा रु १००। (अक्षेरुपी एक सय मात्र) प्रतिलिपि दस्तुर संलग्न गरि कार्यालयमा अनुसूचि —३ बमोजिमको निवेदन लिई प्रतिलिपि लिन सकिनेछ ।

**८.अभिलेख राख्नु पर्ने** : (१) कार्यालयले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष भत्ताको अभिलेख अनुसूचि -४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूचि -५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

**९.अभिलेखबाट नाम हटाउने** : (१) कार्यालयले देहायको अवस्थामा एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछ ।

क. एकल पुरुषले विवाह गरेमा,

ख. बसाई सरी अन्यत्र गएमा,

ग. प्रचलित कानुन बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

घ. मृत्यु भएमा ।

**१०.नवीकरण** : (१) यस कार्यविधि बमोजिम भत्ता पाउने एकल पुरुषले प्रत्येक आ.व. सकिनु एक महिना अगाडी कार्यालय समक्ष अनुसूचि —६ बमोजिमको ढाँचामा नवीकरणको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ ।

क. एकल पुरुष परिचय-पत्रको प्रतिलिपि,

ख. पत्नीको मृत्यु भएको हकमा हालसम्म अविवाहित रहेको वडाको सिफारिस,

ग. अविवाहीतको हकमा हाल सम्म अविवाहित रहेको वडाको सिफारिस ।

**११.कसुर र सजाय** :(१) कसैले विवरण ढाँटी यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता लिएमा कसुर गरिएको मानिनेछ ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई विगो बराबरको जरिवाना हुनेछ ।

**१२.अनुगमन सम्बन्धि व्यवस्था** :(१) एकल पुरुष भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको गाउँपालिकाको कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१३.प्रतिवेदन दिनु पर्ने** :(१) एकल पुरुष भत्ता वितरण गरेको विवरण वडा कार्यालयले त्रैमासिक रुपमा गाउँपालिका पञ्जिकरण शाखामा पेश गर्नुपर्नेछ ।

**१४. संसोधन** :(१) गाउँ कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संसोधन गर्न सकिनेछ ।

**१५. बाधा अडकाउ फुकाउने** :(१) यस कार्यविधि सञ्चालन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो वाधा अड्काउ फुकाई कार्यान्यवन गर्न सक्नेछ ।

**१६. बचाउ** :(१) एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७९ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१७. खारेजी** :(१) एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७९ खारेज गरिएको छ ।

अनुसूची १

( दफा ६ को उपदफा (१) सँग सम्बन्धित )

नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

मिति :............................

श्रीमान् अध्यक्ष ज्यू

.......... नं वडा कार्यालय

मष्टा गाउँपालिका

................ बझाङ्ग

बिषय : नाम दर्ता गर्ने सम्बन्धमा ।

म निवेदक एकल पुरुष भत्ता वितरण कार्यविधि, २०७९ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले नयाँ नाम दर्ता गरिदिन हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

**नाम, थर**

**बाबु / आमाको नाम र थर**

**जन्म मिति ( वि.स.)**

स्थायी ठेगाना : जिल्ला बझाङ्ग, गाउँपालिका : मष्टा

वडा नं : ...........................

टोल / गाउँ :...........................

ना.प्र.प. नं.: ...................... जारि मिति : ........................

पत्नीको मृत्यु भएको मिति : ..................

मृत्यु दर्ता नं. : ............................

मृत्यु दर्ता गर्ने निकाय : ..............................

<u>**संलग्न कागजात**</u>

१ निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२ पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि

३ फोटो २ प्रति

४ अविवाहितको हकमा वडाको सिफारिस

५ दलित समुदायको अविवाहित पुरुषको हकमा दलित परिचय पत्र / निस्सा वा वडाको सिफारिस ।

(मैले राज्य कोषबाट पारिश्रमिक निवृत्तभरण सामाजिक सुरक्षा भत्ता वा यस्तै प्रकारका अन्य कुनै सुविधा पाएको छैन । उल्लेखित व्यहोरा ठिक साँचो हो झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।)

निवेदक

हस्ताक्षर

**सम्बन्धित वडा कार्यालयले भर्ने**

दर्ता नं. : ............................. निवेदन रुजु गर्नेको नाम, थर र पद : ...............................

दर्ता मिति : ............................ सहि :....................................

...........................................................................................................

**गाउँ कार्यपालिकाको कार्यालयले भर्ने**

नाम दर्ता गर्ने निर्णय मिति : ............................ विवरण भर्नेको नाम, थर र पद : ...............................

परिचय पत्र नं : ............................ सहि :....................................

भत्ता पाउने सुरु आ.व. : कार्यालयको छाप :

स्थानिय सरकार

मष्टा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

भातेखोला बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

**<u>एकल पुरुष परिचय – पत्र</u>**

फोटो

परिचय पत्र नं.

नाम थर

नागरिकता प्रमाण-पत्र नं.

ठेगानाः जिल्ला : बझाङ्ग गाउँपालिका : मष्टा प्रमाणित गर्ने अधिकारी

वडा नं. :........................टोल/गाउँ : ......... दस्तखत : ................

| साल | महिना | | दर | जम्मा | बुझाउनेको दस्तखत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**भत्ता लिन आउँदा यो परिचय - पत्र अनिवार्य लियर आउनु होला**

श्रीमान् कार्यालय प्रमुख ज्यू

मष्टा गाउँ कार्यपालिकाको कार्यालय

................ बझाङ्ग

बिषय :प्रतिलिपि पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष परिचय पत्र नं. ......... ले यस कार्यविधि परिचय पत्र (हराएको/प्रयोग गर्न नमिल्ने भएको) हुनाले एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधिको दफा ७ को उपदफा ३ बमोजिम प्रतिलिपि दस्तुर निवेदन साथै राखी परिचय पत्र को प्रतिलिपि पाउँ भनि सादर अनुरोध गर्दछु

**<u>संलग्न कागजातहरु</u>**

१ नागरिकता प्रमाण — पत्रको प्रमाणित प्रतलिपि

२ एकल पुरुषको परिचय - पत्रको प्रमाणित प्रतिलिपि

३ फोटो १ प्रति

४ निवेदक

५ नाम थर : पुरा ठेगाना :

६ सम्पर्क नं. : हस्ताक्षर :

अनुसूचि — ४

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

एकल पुरुष भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको मूल अभिलेखको ढाँचा

गाउँपालिका : मष्टा आर्थिक बर्ष : ............................ किस्ता : ...........................

| सि.नं. | परिचय पत्र नं. | नाम | जन्म मिति (वि. स.) | उमेर | वडा नं | नागरिकता नं | मासिक भत्ता | जम्मा पाउने | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अनुसूचि — ५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

एकल पुरुष भत्ता सम्बन्धि निवेदनको अधिलेखको अभिलेखको ढाँचा

गाउँपालिका : मष्टा वडा नं. : ............................ आर्थिक बर्ष : ...........................

| सि.नं. | निवेदन नं. | निवेदकको नाम | निवेदन दर्ता मिति | उमेर | जन्म मिति (वि.सं) | नागरिकता जारी भएको मिति | निवेदन उपर भएको कार्वाही | निवेदन उपर भएको कार्वाही मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची ६

( दफा १० को उपदफा (१) सँग सम्बन्धित )

नविकरणको निवेदनको ढाँचा

मिति :.............................

श्रीमान् कार्यालय प्रमुख ज्यू

मष्टा गाउँ कार्यपालिकाको कार्यालय

................ बझाङ्ग

बिषय : नविकरण गरी पाउ ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष परिचय पत्र नं. ......... ले एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधिको, २०७९ बमोजिम लिई रहेकोमा ऐ कार्यविधिको दफा १० को उपदफा (२) बमोजिमका कागजातहरु साथै एकल पुरुष भत्ताको लाभग्राहीको सूचीमा मेरो नाम नविकरण गरी पाउँ भनि सादर अनुरोध गर्दछु ।

<u>संलग्न कागजातहरु</u>

१ नागरिकता प्रमाण — पत्रको प्रमाणित प्रतलिपि

२ एकल पुरुषको परिचय - पत्रको प्रमाणित प्रतिलिपि

३ अर्को विवाह नगरेको वडाको सिफारिस

४ अविवाहित रहेको वडाको सिफारिस

निवेदक

नाम थर : पुरा ठेगाना : सम्पर्क नं. : हस्ताक्षर :

**प्रमाणीकरण मिति**: २०७९/०९/२८

**आज्ञाले**

**रमेश कुमार खड्का**

**नि.प्रमुख प्रशासकीय अधिकृत**